# क्वारेन्टाइन स्थल तथा आइसोलेसन केन्द्रमा लैंगिक हिंसा रोकथाम तथा सम्बोधन सम्बन्धी मापदण्ड, २०७७ को मस्यौदा

## क्वारेन्टाइन मा लैंगिक हिंसा रोकथाम तथा सम्बोधन

**प्रस्तावना** : विश्वमा महामारीको रुपमा फैलिएको कोभिड १९ को उपचार, नियन्त्रण र रोकथामलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने सिलसिलामा क्वारेन्टाइन स्थल तथा आइसोलेसन केन्द्र लैंगिक मैत्री एवम् लैंगिक उत्तरदायी बनाउदै सबैले सुरक्षित महशुस हुने गरी सञ्चालन गर्न बाञ्छनीय भएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यो मापदण्ड तयार गरी लागू गरिएको छ । लैंगिक हिंसालाई रोकथाम तथा सम्बोधन गर्न नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय सन्धि सम्झौता, नेपालको संविधान र अन्य राष्ट्रिय कानूनहरुलाई आत्मसाथ गर्दै, नेपाल सरकारको लैंगिक हिंसा विरुद्ध शून्य सहनशिलताको सिद्धान्तलाई कार्यान्वयन गर्ने प्रक्रिया अवलम्बन गर्दै, कोभिड -१९ महामारीको समयमा क्वारेन्टाइन तथा आईसोलेसनलाई लैंगिक मैत्री र लैंगिक उत्तरदायी बनाउने उद्देश्यले तयार गरिएको हो ।

### १. क्वारेन्टाइन स्थल तथा आइसोलेसन केन्द्र व्यवस्थापन:

क्वारेन्टाइन स्थल तथा आइसोलेसन केन्द्रको व्यवस्थापन गर्दा यस भन्दा अघि स्वास्थ्य तथा जनसख्या मन्त्रालयले स्वीकृत गरी कार्यान्वयनमा ल्याएका “ **क्वारेन्टाइन मा रहेका व्यक्तिहरुका स्वास्थ्य सम्बन्धी व्यवस्था,२०७७** ” र “**कोभिड १९ सक्रमितहरुको आइसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड,२०७७**” अनुरुप सञ्चालन गर्नेगरी लैगिक हिसा रोकथाम एवम् नियन्त्रणका निमित्त सुरक्षित बातावरण कायम गर्नका निमित्त देहायबमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

### १.१ भौतिक पुर्वाधार:

(क) **बसोवास गर्ने स्थान** : क्वारेन्टाइन स्थल तथा आईसोलेसन केन्द्रमा महिला र पुरुषका लागि भवन/ब्लक/फ्ल्याट/अलग अलग कोठाको व्यवस्था गरी सुरक्षित तवरले बसोवासको प्रवन्ध गर्नुपर्नेछ । प्रत्येक कोठाहरुमा ढोकामा चुकुल लाग्ने, ताल्चा लगाउन मिल्ने, झ्यालमा चुकुल भएको, पर्दा भएको, पर्याप्त मात्रामा दोहोरो हावा पास हुने, प्रकाश छिर्ने, पानी नचुहिने गरी प्रवन्ध मिलाएको हुनुपर्नेछ ।

(ख) **शौचालयको प्रबन्ध:** महिला तथा पुरुषहरुले प्रयोग गर्ने शौचालय अनिवार्य रुपमा अलग अलग हुनुपर्नेछ । साथै शौचालयमा झ्याल ढोका भएको, चुकुल लाग्ने, पर्याप्त पानीको व्यवस्था, विर्को भएको डस्टविनको व्यवस्था, बत्तीको उपलव्धता हुनुपर्नेछ । रातको समयमा दिशा, पिसाव जानुपर्ने भएमा गर्भवती, बृद्धा,महिला तथा अपांगता भएका व्यक्तिलाई आवश्यक परेको खण्डमा कोठामै बैकल्पिक कमोड चेयर ( कोपरा) को व्यवस्था हुनुपर्नेछ ।

(ग) **दैनिक सरसफाई र स्वच्छताको सुनिश्चिता:** महिला तथा पुरुषहरुको स्नानकक्ष अलग, अलग हुनुपर्नेछ। कपडा फेर्ने सुरक्षित स्थान, कपडा सुकाउने ठाउँ, सफापानीको व्यवस्था, महिलाको महिनावारी तथा सुत्केरी हुँदाको अवस्थामा प्रयोग भएका सेनेटरी प्याड, बच्चाहरुको डाईपर, न्यापकिन संकलनका लागि बिर्को सहितको बाल्टी र बिसर्जनको लागि ठाउँको अलग्गै प्रवन्ध मिलाउनुपर्नेछ।

**<u>१.२ आधारभुत सेवा प्रवाह तथा सामग्रीहरुको व्यवस्थापन:</u>**

(क) क्वारेन्टाइन स्थल तथा आईसोलेसन केन्द्रमा बसुन्जेल महिला तथा पुरुषहरुले दैनिक रुपमा प्रयोग गर्ने आधारभुत सामग्रीहरुको जस्तै: नेलकटर, टर्चलाईट, कपाल कोर्ने काईयो, सावुन, मंजन, टुथ ब्रस आफै व्यवस्था गर्नुपर्नेछ।

(ख)बुदाँ नं (क) मा उल्लेख भएका सामग्रीहरु बन्दोवस्त गर्न नसक्नेहरुको हकमा सम्बन्धित निकायले समन्वय गरी बन्दोवस्त गरिदिनु पर्नेछ।

(ग) महिला तथा किशोरीहरुका लागि मर्यादा सामाग्री (फेर्ने कपडा, चप्पल, अण्डरवेयर, सेनीटरी प्याड, स्यानिटाईजर,मुख पुछ्ने रुमाल,सिठी,साबुन,डाईपर आदि) को अनिवार्य व्यवस्था हुनुपर्नेछ।

(घ) आवश्यकता अनुसार परिवार नियोजनका साधनहरु निशुल्क र अनिवार्य उपलव्ध गराउने व्यवस्था हुनुपर्नेछ।

(ङ) सुत्केरी, स्तनपान गराउने महिला, गर्भवती, अपांगता भएका महिलालाई प्राथमिकता दिई छुट्टै कोठाको व्यवस्था गर्नुपर्छ। त्यस्तै श्रीमान श्रीमती दुवै संक्रमित भएमा वा संक्रमित भएको आशंका भएमा उनीहरुलाई छुट्टै कोठा वा स्थानको व्यवस्था गर्न सकिनेछ।

(च) गर्भवती सुत्केरी, वालवालिका, कुपोषण तथा कमजोर अवस्थाका व्यक्तिहरुलाई पोषिलो खानेकुराहरुको व्यवस्था गरिनुपर्छ।

(छ) गर्भवती तथा सुत्केरीलाई क्वारेन्टाइन मा स्वास्थ्य जाँच, आइरन चक्की वितरण तथा आवश्यक परामर्श सहितको सेवा दिने व्यवस्था मिलाउनुपर्नेछ।

(ज) आमासंगै रहेका नवजात शिशु तथा दुई बर्षमुनिका वालवालिकालाई राष्ट्रिय खोप कार्यक्रम तालिका अनुसार खोप लगाउने व्यवस्था मिलाउनुपर्नेछ।

**२. <u>सुरक्षा व्यवस्थापन:</u>**

लैंगिक हिंसा र यौनजन्य हिंसा तथा दुर्व्यवहारको संभाव्य जोखिमलाई कम गर्न देहाय बमोजिमको विशेष सुरक्षाको व्यवस्था तत्काल मिलाउनुपर्नेछ :-

(क) क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रमा मानव श्रोतको व्यवस्था **अनुसुची २** बमोजिम हुनुपर्नेछ।

(ख) **"लैंगिक हिंसा विरुद्ध शून्य सहनशिलता"**बारे पोष्टर, पाम्पलेट, व्यानर स्टिकर आदि सवैले देख्ने स्थानमा र विशेषगरी महिलाले प्रयोग गर्ने शौचालय, सुत्नेकोठा, स्तनपान कक्ष आदि स्थलहरुमा र प्रवेशद्धारमा नै टाँसिएको हुनुपर्नेछ।

(ग) प्रत्येक व्यक्तिहरुलाई आपतकालीन अवस्थामा सहयोग माग्नका लागि सिट्ठी वा अन्य यस्तै आवाज दिने सामग्रीहरु उपलव्ध गराउनुपर्नेछ।

(घ) प्रत्येक कोठामा **अनुसूची १** बमोजिमको प्रहरी हेल्पलाईन, संघसंस्थाको टोल फ्रि. नं, महिला आयोगको हेल्पलाईन, स्थानीय मनोविमर्शकर्ताको फोन नं. लेखिएको पोस्टर सबैले देख्नेगरी भित्तामा टाँस्नुपर्नेछ।

(ङ) क्वारेन्टाइन व्यवस्थापनमा खटिएको वा सम्बन्धित पालिकाको सामाजिक विकास शाखाबाट एकजना महिला कर्मचारीलाई लैंगिक सम्पर्क विन्दुको रुपमा तोक्नुपर्नेछ।

(च) तालिम प्राप्त महिला मनोविमर्शकर्ताले नेतृत्व लिई आवश्यकता अनुसार लैंगिक हिंसा विरुद्ध आधारभूत अभिमुखीकरण, मनोसामाजिक परामर्श दिनुपर्नेछ र आन्तरिक अनुगमनसमेत गर्नुपर्नेछ।

(छ) आईसोलेसन व्यवस्थापनमा प्रत्यक्ष रुपमा संलग्न कर्मचारीहरुलाई लैंगिक सम्वेदनशीलताको विषयमा आधारभुत अभिमुखीकरण दिंदा तालिम प्राप्त महिला मनोविमर्शकर्ताद्धारा अनलाईन/भर्चुअल तथा भौतिक दुरी कायम गरी दिनुपर्नेछ।

(ज) माथि उल्लेखित तालिम प्राप्त व्यक्तिहरुद्धारा क्वारेन्टाइन तथा आईसोलेसनमा बसेका व्यक्तिहरुलाई अभिमुखीकरण गर्नुपर्नेछ। यसरी अभिमुखीकरण गर्दा अनलाईनबाट हुनसक्ने लैंगिक हिंसा वारे पनि जानकारी गराउनुपर्नेछ।

(झ) क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रमा आउने आगन्तुकहरुको बिस्तृत विवरण (नाम, ठेगााना, सेवाग्राहीसँगको नाता सम्बन्ध,सम्पर्क नम्बर) राख्नुपर्नेछ।

(ञ) पुरुषहरुको संलग्नता तथा सहयोगी भुमिका प्रवर्द्धन गर्नको लागि गर्न हुने र गर्न नहुने आचरण, व्यवहार, हाउभाउ, कटाक्ष सम्बन्धी अभिमुखीकरण संचालन गर्नुपर्नेछ।

(ट) उजुरी पेटिकाको व्यवस्था गर्नुपर्नेछ र उजुरी दिने उजुरीकर्ताको गोपनियता कायम गर्नुपर्नेछ।

(ठ) सेवाग्राहीहरुलाई व्यस्त राख्न (सेवाग्राहीको रुचि र सीप अनुसार) हस्तकला सम्बन्धी कार्यहरु गर्न सम्भव भएसम्म आवश्यक सामाग्रीहरु जुटाई दिनुपर्नेछ।)

(ड) सेवाग्राही केन्द्रमा प्रवेश गर्दादेखि निस्कदासम्मको निजको आगमन र बहिर्गमन फारम **अनुसुचि ३** अनुसार भरी महिला वार्डेनले अभिलेख राख्नुपर्नेछ।

## ३. घटना व्यवस्थापन तथा सम्बोधनका लागि तत्काल प्रभावकारी सेवाको सुनिश्चितता गर्नुपर्नेः

### ३.१ घटना व्यवस्थापन समितिः

क्वारेन्टाइन मा हुने वा हुन सक्ने लैगिंक हिंसाका घटनाको उजुरी तथा व्यवस्थापनका लागि लैगिंक सम्पर्क व्यक्तिको नेतृत्वमा ३ सदस्यीय (क्वारेन्टाइन व्यवस्थापन समितिबाट १ जना, र मनोविमर्शकर्ता १ जना) घटना व्यवस्थापन समिति निर्माण गर्नुपर्नेछ।

क) लैंगिक हिंसाका घटना घटेमा पीडितले तत्काल उजुरी गर्नसक्ने आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

ख) गम्भीर प्रकृतिका हिंसाको घटनामा आवश्यकता अनुसार प्राथमिक उपचार, अस्पताल लैजाने, प्रहरीमा उजुरी, मनोविमर्श सेवा, निःशुल्क कानुनी सेवा, र सुरक्षित आवासमा पठाउने कामहरु तत्काल गर्नुपर्नेछ। यदि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) मा सहज पहुँच भएको अवस्थामा प्रभावितको सहमतिमा सम्प्रेषण गर्नुपर्नेछ।

ग) फौजदारी प्रकृतिका (बलात्कार,यौनजनय दुर्व्यवहार,कुटपिट) बाहेक अन्य कुनै प्रकारको हिंसा वा दुर्व्यवहार कसैलाई भएमा क्वारेन्टाइन तथा आईसोलेसनमा नै छलफल गरी सो घटनाहरु नदोहोर्‍याउन क्वारेन्टाइन तथा आईसोलेसनका व्यवस्थापक तथा लैंगिक सम्पर्क विन्दुले घटना निरुपण गर्न सक्ने र अनिवार्य रुपमा अभिलेखिकरण गर्नुपर्नेछ।

घ) कोभिड-१९ संक्रमितलाई यदि लैगिंक हिंसा वा दुर्व्यवहार भएमा अन्य अवस्थामा दिईने लैंगिक हिंसा सम्बोधन गर्ने सेवाहरुका साथै क्वारेन्टाइन स्थल तथा आइसोलेसन केन्द्रमा लैगिंक हिंसा रोकथाम तथा सम्बोधन सम्बन्धी मापदण्ड, २०७७, र कोभिड -१९ निर्देशित स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नुपर्नेछ।

ङ) घटना व्यवस्थापन समितिको हरेक पन्ध्र दिनमा वा आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बसी क्वारेन्टाइन व्यवस्थापन समिति वा तोकिएको निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ र सोही अनुसार सेवाहरुको स्तरोन्नति गर्दै लानुपर्नेछ।।

**४. अनुगमन तथा मुल्यांकनः**

क) क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रको व्यवस्थापन समितिले **अनुसूची** ४ बमोजिम आन्तरिक अनुगमन गर्नुपर्नेछ।

ख) लैंगिक सम्पर्क विन्दुले तालिमप्राप्त महिला मनोविमर्शकर्तासंगको संलग्नतामा कम्तीमा महिनाको एकपटक वा आवश्यकता अनुसार क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रको अनुगमन गर्नुपर्नेछ।

ग) अनुगमन गर्ने कार्यमा लैंगिक सम्पर्क विन्दु, महिला वार्डेन, क्वारेन्टाईन तथा आईसोलेसन व्यवस्थापन समितिका प्रतिनिधि तथा अन्य आवश्यक व्यक्तिहरुको सहभागिता हुनुपर्नेछ।

घ) आन्तरिक अनुगमनकर्ताले दैनिक बस्तुस्थिति अभिलेखिकरण गरी कमसेकम महिनाको एकपटक प्रतिवेदन तयार गरी व्यवस्थापन समितिलाई बुझाउनुपर्नेछ।

# अनुसूचीहरु

## अनुसूची : १

आपतकालिन सहयोगका लागि सम्पर्क नं:

१) नेपाल प्रहरी १००

२) बालबालिका हेल्पलाइन १०९८

३) राष्ट्रिय महिला आयोग ११४५

४) बालबालिका खोजतलास समन्वय केन्द्र १०४

५) कोभिड हटलाईन: १११५/११३३

६) ओरेक हटलाइन : १६६००१७८९१०/१६६००२१५२०००/१६६००८२५६१११

७) स्थानीय मनोविमर्शकर्ताको फोन नं:(उल्लेख गर्नुपर्ने) -----

## अनुसूची २

क्वारेन्टाइन स्थल तथा आइसोलेसन केन्द्रमा मानव श्रोत व्यवस्थापन फ्लोचार्ट



लैगिक हिसा रोकथामका लागि क्वारेन्टाइनमा खटिने व्यक्तिहरुको काम,कर्तव्य र जिम्मेवारी निम्नानुसार हुनेछन् ।

**१) सुरक्षाकर्मी:**

सुरक्षाकर्मीको काम,कर्तव्य र जिम्मेवारी 'कोरोना भाइरस (COVID-१९) सम्बन्धी क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड,२०७६' मा उल्लेख गरे बमोजिम हुनेछ ।

**२) महिला वार्डन:**

महिला वार्डनको काम,कर्तव्य र जिम्मेवारी निम्नमनुसार हुनेछ ।

- महिला मैत्री वातावरण बनाउने तथा आवश्यक समन्वय गर्ने ।
- आगमन तथा बहिर्गमन फारम भर्ने प्रबन्ध मिलाउने ।
- मनोविमर्शकर्तालाई दैनिक रुपमा सूचना दिने ।
- यदि लैंगिक हिंसा भएको खण्डमा लैंगिक सम्पर्क विन्दुलाई जानकारी दिने ।
- दैनिक बस्तुस्थिति अभिलेखीकरण गरी हरेक पन्ध्र दिनमा प्रतिवेदन तयार गरी क्वारेन्टाइन तथा आईसोलेसन व्यवस्थापन समितिलाई बुझाउने ।
- आवश्यकता अनुसार क्वारेन्टाइन तथा आईसोलेसन स्थलको निरीक्षण गर्न पाउने ।
- व्यवस्थापन समितिसंग निरन्तर सम्पर्कमा रहने तथा व्यवस्थापन समितिलाई सुझाव दिने ।
- लैगिंक समानता र हिंसा विरुद्ध क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रमा अभिमुखीकरण गर्ने तथा आवश्यकता अनुसार अभिमुखीकरणको पुनरावलोकन गर्ने ।
- लैगिंक हिंसा विरुद्ध सुरक्षाको उपायहरु अवलम्बन गरेको सुनिश्चित गर्ने ।

**३) मनोविमर्शकर्ता:**

मनोविमर्शकर्ताको काम,कर्तव्य र जिम्मेवारी निम्नानुसार हुनेछ ।

- आवश्यकता अनुसार क्वारेन्टाइन तथा आईसोलेसनमा भएका व्यक्तिहरुलाई भौतिक दुरी कायम गर्दै वा विद्युतीय वा सञ्चार माध्यमबाट मनोपरामर्श प्रदान गर्ने ।
- आवश्यकता अनुसार अभिमुखीकरणको पुनरावलोकन गर्ने ।
- व्यवस्थापन समितिसंग निरन्तर सम्पर्कमा रहने र अन्य व्यक्तिहरुसँग समन्वय गर्ने ।
- लैंगिक हिंसा सम्बन्धी क्वारेन्टाइन तथा आईसोलेसनका कर्मचारीलाई भौतिक दुरी कायम गर्दै वा विद्युतीय सञ्चार माध्यमबाट अभिमुखीकरण गर्ने ।

- लैगिंक हिंसा घटेमा सोको सम्बोधनका लागि प्रभावितलाई घटना व्यवस्थापन समितिसँग समन्वय गर्दै प्रभावितलाई सेवा प्रदान गर्ने ।
- क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रमा हुने गरेको अभिमुखिकरणले लैंगिक हिंसालाई सम्बोधन गरेको नगरेको मूल्यांकन गर्ने र सुझाव दिने ।
- अभिमुखीकरणका लागि प्रयोग भएका श्रोत सामाग्रीहरु पहिचान गरी प्रयोग गर्ने वा पुनरावलोकन गर्ने,
- यदि लैगिंक हिंसा घटेका खण्डमा घटना व्यवस्थापन कार्यलाई नेतृत्व गर्दै आवश्यक प्रक्रिया तोक्न सक्ने वा काम कारवाही अगाडि बढाउने ।

### ४) लैगिंक सम्पर्क विन्दु:

लैगिंक सम्पर्क विन्दुको काम,कर्तव्य र जिम्मेवारी निम्नानुसार हुनेछ ।

- व्यवस्थापन समितिसंग निरन्तर सम्पर्कमा रहने र अन्य व्यक्तिहरुसँग र बाह्य निकायहरुसँग समन्वय गर्ने ।
- लैगिंक हिंसा सम्बन्धी घटनाहरु घटेमा आन्तरिक मानव श्रोतसँग समन्वय गरी घटना आन्तरिक व्यवस्थापन गर्ने, वा आवश्यकता अनुसार बाह्य अन्य सम्बन्धित निकायहरुमा समन्वय गरी घटना संप्रेषण गर्ने ।
- लैंगिक हिंसा सम्बन्धी घटनाहरुको काम कारवाहीको अनुगमन, मूल्यांकन तथा फलो अप गरी सुझाव दिने ।
- क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा लैगिंक सवाल सम्बन्धी अभिमुखीकरणका लागि श्रोतहरु जुटाउने ।
- घटना व्यवस्थापनका लागि व्यवस्थापकीय कामको नेतृत्व गर्दै व्यवस्थापन समिति तथा अन्य सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,
- लैंगिक सम्पर्क विन्दुले नेतृत्वमा घटना व्यवस्थापन समितिको नेतृत्व गर्ने ।
- दैनिक काम कारवाही तथा लैगिंक हिंसा सम्बन्धि घटनाहरुको अभिलेखीकरण गर्ने र प्रतिवेदन तयार पार्ने ।

<u>अनुसूची ३</u>

## सुसूचित, आगमन र बहिर्गमन फर्म

## <u>सुसुचित सहमति फर्म</u>

म यस कुरामा सहमति प्रदान गर्छु कि यस क्वारेन्टाइन  तथा आईसोलेसन केन्द्रबाट लैगिंक हिंसालाई रोकथाम र सम्बोधन गर्न गरिने क्रियाकलापहरु (जस्तै : तालिम, अभिमुखीकरण, मनोपरामर्श) मा सक्रिय सहभागिता जनाउनेछु ।

यस क्वारेन्टाइन  तथा आईसोलेसन केन्द्रमा रहँदा बस्दा म लैगिंक संवेदनशील भै यहाँका नियमहरु पालना गर्नेछु र आवश्यकता अनुसार व्यवस्थापकको निर्णय स्वीकार गर्नेछु ।

मैले दिएको म सम्बन्धित सूचनाहरु साथै मेरो तस्वीर, भिडियो वा अडियो रेकर्डिङ्गलाई यस क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रका मापदण्ड अनुसार गोपनीय र आदरपूर्वक रुपमा राखिनेछन् । र यस क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रको वस्तुस्थिति प्रतिवेदनका लागि समेत यी सूचना प्रयोग हुन सक्नेछ भनेर म पूर्ण सुसूचित छु र मेरो अनुमति छ ।

नाम : (गोपनियता कायम)          उमेर :

लिङ्ग:          महिला -पुरुष          यौनिक विविधिकरण:

जात: ब्राह्मण.........: क्षेत्री:........ दलित....... जनजाति..... मुस्लिम: .....अन्य .......

**हस्ताक्षर:**

..........................

**क्वारेन्टाइन स्थल:**

**मिति:**

**फाराम भर्ने महिला वार्डेनको नाम:**

# आगमन फर्म

१) तपाई यहाँ आउनु भन्दा अगाडि कुनै प्रकारको लैगिंक हिंसामा पर्नुभएको छ ?

छ		छैन

२) अन्तिम महिनावरी मिति :

३) गर्भवती : हो		होइन

४) विशेष आवश्यकता : छैन		छ (छ भने किन ?)..............................................

५) कुनै समस्या :छैन		छ (छ भने किन?)..........................................................

# बहिर्गमन फर्म

१) के तपाईलाई लैगिंक हिंसा सम्बन्धि दिइएका अभिमुखीकरण, तालिम र मनोपरामर्शले यस क्वारेन्टाइन तथा आईसोलेसन केन्द्रमा लैगिंक हिंसा रोकथाम तथा सम्बोधन गर्न प्रभावकारी भयो ?

भयो ....................भएन...............................

२) के तपाइले यस क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा आफू लैगिंक हिंसाबाट सुरक्षित भएको महसुस गर्नुभयो ?

भयो..........................भएन..................................

३) के तपाईलाई यस क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा लैगिंक हिंसा भोग्नुभयो?
भयो...............भएन..............

यदि भएको भए यसको सम्बोधन भयो ?

.............................................................................................

४) के तपाइले यस क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा अरु कसैलाई लैगिंक हिंसा कसैबाट भएको देख्नुभयो ?

छैन छ ..............................................

यदि भएको भए यसको सम्बोधन भयो ?

..................................................................................

५) तपाईको विचारमा यस क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा लैगिंक हिंसा रोकथाम तथा सम्बोधन गर्न अन्य के कुरा गर्नुपर्छ जस्तो लाग्छ ?

..........................................................................................................................................
..........................................................................................................................................
........................................................................................................................

## थप विवरणको निम्ति

क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा सेवाग्राहीको दैनिक कार्यतालिका महिला वार्डेनद्वारा तयार गर्नुपर्नेछ :

| क सं | समय | गतिविधि | जिम्मेवार व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

<u>अनुसूची ४</u>

## क्वारेन्टाइन स्थल अनुगमन तथा मुल्यांकनका लागि लैगिंक तथा सामाजिक समावेशीकरण (GESI) रुजुसूचीः

जिल्लाः ..................... पालिका .................. वडा नं:..................

मितिः

क्वारेन्टाइन स्थल नाम/नम्बरः

| रुजुसूची | छ (भएको) | छैन (नभएको) |
|---|---|---|
| क.महिला र बालिका सम्बन्धित | | |
| के महिलाको लागि छुटै बस्ने घरको व्यवस्था छ ? | | |
| के छुटै शौचालयको व्यवस्था छ ? | | |
| छ भने प्रयाप्त सुरक्षा र प्रकाशको ब्यबस्था छ ? | | |
| कोठा बन्द गर्ने चुक्कुल दुरुस्त छ? | | |
| एउटा कोठामा कति जनासम्म महिला राखिएको छ ? | | |
| के यस्ले सरकारको न्यूनतम मापदन्डलाई पालना गरेको छ ? | | |
| बस्ने कोठामा पर्याप्त हावा र उज्यालो आउने व्यवस्था छ ? | | |
| महिला गार्ड वा सुरक्षाकर्मीको व्यवस्था छ ? | | |
| स्नान गर्न सुरक्षित स्नानस्थल छ ? | | |
| कपडा फेर्ने सुरक्षित स्थान छ ? | | |
| कपडा सुकाउने ठाउँ छ ? | | |
| सफा पानीको व्यवस्था छ ? | | |
| महिलाको महिनावारी तथा सुत्केरी हुँदाको अवस्थामा प्रयोग गर्ने सेनेटरी प्याड छ ? | | |
| प्रयोग भएका सेनेटरी प्याडको उचित व्यवस्थापन गरिएको छ? | | |
| बच्चाहरुको डाईपर, न्यापकिनको अलग्गै व्यवस्थापन गरिएको छ? | | |
| आवश्यकता अनुसारको परिवार नियोजनका साधनहरुको निशुल्कःरुपमा | | |

| | | |
|---|---|---|
| सरल तथा सहज उपलब्धता छ ? | | |
| महिला तथा किशोरीको मर्यादा कायम गर्न मर्यादित सामाग्री र किशोरी किट छ? | | |
| स्तनपान गराउने को लागि छुटै कोठाको व्यवस्था छ ? | | |
| गर्भवती सुत्केरी, वालवालिका, कुपोषण तथा रुग्ण अवस्थाका व्यक्तिहरुलाई पोषिलो खानेकुराहरुको व्यवस्था छ? | | |
| लैंगिक विभेदमा आधारित हिंसा विरुद्ध शून्य सहनशिलता लेखिएका पोष्टर, पाम्पलेट, व्यानर स्टिकर आदि सवैले देख्ने स्थानमा टासिएको छ? | | |
| आपतकालिन सुचनाको व्यवस्था छ ? | | |
| हिंसा विरुद्ध उजुरी गर्ने व्यवस्था छ ? | | |
| उजुरी गर्ने व्यवस्था छ भने गोपनियता को ख्याल गरिएको छ ? | | |
| दोहोरो प्रतिक्रिया (फीडव्याक) पद्धतिको बिकास गरिएको छ? | | |
| एकद्धार संकट व्यवस्थापन केन्द्र(OCMC) मा सरल र सहज पहुँच को व्यवस्था छ ? | | |
| गर्भवती सुत्केरी, वालवालिका, कुपोषण तथा रुग्ण अवस्थाका व्यक्तिहरुलाई चाहिने अति आवश्यक औषधी को व्यवस्था छ? | | |
| **ख.अपङ्ता भएका व्यक्ति सम्बन्धित** | | |
| अपाङ्ता भएका व्यक्तिको विशेष अवस्था पहिचान गर्ने र तेसै अनुसार को सेवा दिने व्यवस्था छ ? | | |
| अपाङ्ता भएका व्यक्ति मैत्री बाटो, गृह प्रवेशद्वार र शौचालयको व्यवस्था छ? | | |
| सामाजिक दुरी कम गर्न मद्दत पुग्ने गरी कुनै ब्यबस्था गरिएको छ? | | |
| संचार का माध्यमहरु मा पहुच छ ? | | |
| अपाङ्ता भएका व्यक्तिको विशेष स्वास्थ्य सेवा र अति आवश्यक औषधीको व्यवस्था छ ? | | |
| सुचना प्रवाहको मध्यमहरु अपङता मैत्री छ ? | | |

| | | |
|---|---|---|
| अपाङ्गता भएका व्यक्तिलाई सेवा दिने स्वास्थ्यकर्मीसँग पर्याप्त स्वास्थ्य सुरक्षाका उपकारणहरु छ? | | |
| **ग. यौनिक विविधिकरण भएका व्यक्ति सम्बन्धित** | | |
| यौनिक विविधिकरण भएका व्यक्तिहरुका लागि शौचालयको व्यवस्था छ? | | |
| यौनिक विविधिकरण भएका व्यक्ति बस्ने कोठाको व्यवस्था छ ? | | |
| यौनिक विविधिकरण भएका व्यक्तिका लागि सुरक्षित स्नानस्थल छ? | | |
| यौनिक विविधिकरण भएका व्यक्तिका लागि अन्य विशेष व्यवस्थाहरुको व्यवस्था छ? | | |
| यौनिक विविधिकरण भएका व्यक्तिका लागि व्यक्तिगत आवश्यकताको आधारमा सेवाहरुको उपलव्धता र सम्बोधन भएको छ कि छैन? | | |
| **घ. पी.सी.आर. जाँच र रिपोर्ट** | | |
| पी.सी.आर. जांच हुने गरेको छ ? | | |
| पी.सी.आर. गरेको भए त्यस्को रेपोर्ट समयमै आउने गरेको छ ? | | |
| मनोसामाजिक मनोविमर्श सेवा उपलब्ध छ ? | | |
| मनोपरामर्श तथा सकारात्मक सोच सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था रहेको छ ? | | |
| ङ. प्राथमिक उपचार तथा अति आवश्यक औषधी व्यवस्था छ ? | | |
| जात ब्राह्मण.............: क्षेत्री ........... दलित ....... जनजाति........मुस्लिम............अन्य ........ | | |

पहिचान भएका राम्रा अभ्यासको निरन्तरता र प्रोत्साहन तथा कमी कमजोरीलाई लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता सुनिश्चित गर्न आवश्यक सुझाब:

.......................... .................................. .......................... ................ ............

**तयार पार्नेको नाम र हस्ताक्षर:** **तयार गरिएको मिती:**

**क्वारेन्टिन प्रमुखको नाम र हस्ताक्षर** आन्तरिक अनुगमनकर्ता

.......................... .................................

**सम्पर्क नम्बर:** ............... ...................................